स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



गायक प्रमोद खरेलको स्वरमा सार्वजनिक भएको नयाँ गीत 'हारिसक'का शब्द हुन् यी। प्रेमपीडा अभिव्यक्त गर्ने यो गीतमा बादल घिमिरेको शब्द र ऋषि खड्काको संगीत छ। एरेन्ज विशाल निरौलाले गरेका हुन्। निकेश खड्का निर्देशित गीतको भिडियोमा पूजा शर्मा, बादल घिमिरे र कृष्ण पोखरेल फिचर्ड छन्। भिडियोमा प्रेमिल पल र बिछोडको पीडाको कथा प्रस्तुत गरिएको छ। गीत 'कृष्ण पोखरेल अफिसियल' युट्युब च्यानलमा रिलिज गरिएको छ।

**आजको विचार...**



प्रकाश नेपाल

सहकारीसँग...

(दुई पेजमा)



अभिनेता अनमोल केसी र अभिनेत्री आँचल शर्माको फिल्मी करिअरले एक दशक पूरा गरिसकेको छ। यो अवधिमा दुवैले १० वटा फिल्ममा काम गरिसकेको भए पनि एकअर्कासँग सहकार्य जुर्न सकेको थिएन। अब पहिलो पटक उनीहरु जोडी भएर फिल्म 'जेरी अन टप'मा एकसाथ देखिँदैछन्। यसमा कलाकार केदार घिमिरे 'माग्ने बुढा' र अभिनेत्री जसिता गुरुङको पनि अभिनय छ। पहिलो पटक अनमोलसँग सहकार्य गरेकी आँचल उनको स्वभाव र काम गर्ने शैलीबाट प्रभावित भएकी छन्।

❒ वर्ष ३० ❒ अंक १४५ ❒ २०८१ पौष ३ गते बुधबार 18 December 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### डुङ्गा दुर्घटनामा ४ पाकिस्तानीको मृत्यु



रासस/एएफपी

**इस्लामावाद,** पुस २/दक्षिणी ग्रीसको क्रेट टापुमा शनिबार भएको डुङ्गा पल्टिँदा चार जना पाकिस्तानी नागरिकको मृत्यु भएको पाकिस्तानको विदेश कार्यालयका प्रवक्ता मुमताज जाहरा बलोचले एक विज्ञप्तिमार्फत पुष्टि गरेका छन् । बलोचले सोमबार भने,'हामी गहिरो दु:खका साथ घोषणा गर्दछौं कि ग्रीक अधिकारीहरूले साझा गरेको पछिल्लो जानकारी अनुसार ग्रीसको क्रेट टापुको दक्षिणमा शनिबार भएको डुङ्गा पल्टिने घटनाहरूमा चार जना पाकिस्तानी नागरिकको मृत्यु भएको छ । जीवित व्यक्तिहरूलाई सहयोग गर्न ग्रीक अधिकारीहरूसँग निरन्तर सम्पर्कमा छ ।' यसअघि पाकिस्तानी विदेश मन्त्रालयले ग्रीसको तटमा डुङ्गा पल्टिएको स्थानबाट ४७ जना पाकिस्तानी नागरिकको उद्धार गरेको पुष्टि गरेको थियो । सन् २०११ देखि ग्रीस अनियमित आप्रवासी र युरोपेली युनियन (इर्यु) प्रवेश गर्न प्रयास गर्ने शरणार्थीहरूको लागि प्रमुख प्रवेश बिन्दु भएको छ ।

# सिप सिक्दै तानसेनका महिला

## जुस बनाउनेदेखि हार्मोनियम बजाउनसम्म सिके

कृष्ण पोखरेल

**पाल्पा,** पुस २/यतिबेला पाल्पा सदरमुकाम तानसेनका महिलाहरू गतिलो रोजगार नभएपछि विभिन्न सिप प्रयोग गरेर आत्म निर्भर हुने प्रयासमा छन् । घर चलाउन, उपचार अनि सन्तानको शिक्षाको खर्च जुटाउन आम्दानीको वैकल्पिक व्यवस्थाका लागि उनीहरु विभिन्न खाले सिप सिक्न अग्रसर भएका हुन् । त्यति मात्र हैन उनीहरु कला संस्कृतिको संरक्षणका लागि समेत आवश्यक बाध्यवाजन समेत सिक्न लागि परेका छन् ।

स्थानीय सरकार र विभिन्न संघ संस्थाहरुको सहयोगमा तानसेन नगरपालिका -३ र ४ का महिलाहरु सिप सिक्न कम्मर कसेर लागेका हुन् । तानसेन- ४ का महिलाहरुले जुस बनाउने सिप सिकेका छन् । उनीहरुले स्थानीय उत्पादन प्रयोग गरेर जुस, जाम, जेली र मिक्स जाम बनाउने सिप सिकेका हुन् । तालिममार्फत सिप सिकेका यहाँका १२ वटा टोलविकास संस्थाका ३० जना महिलाहरुले स्थानीय उत्पादन, सुन्तला, मौसम, बेलाउती,





स्याउ लगायतका सरसमानहरु प्रयोग गरेर स्थानीय रुपमा जेली, जाम र जुस बनाउने काममा लागेका छन् । ४ नं वडा कार्यालयको आर्थिक सहयोग, मखनटोल टोल विकास संस्थाको आयोजनामा ४ दिने जुस बनाउने तालिम पाएपछी महिलाहरु जुस बनाउने अभियानामा लागेका हुन् । संस्थाले यही मंसिर २८ गते देखी पुस १ गते सम्म ४ दिने जुस बनाउने तालिम सञ्चालन गरेको थियो । तालिम समापनमा पुगेका तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले जुस, जाम बनाउँदा स्थानीय उत्पादनको प्रयोग हुने र कृषक, महिलाको आयआर्जनमा टेवा पुग्ने बताए । उनले भने 'निरन्तर जुस, जाम, जेली बनाउनुस्, गुणस्तरीय उत्पादन गर्नुस् ,एउटा उद्योगको रुपमा दर्ता गर्नुस् आवश्यक पर्ने सरससमानदेखी बजारीकरणमा नगरपालिकाले सहयोग गर्ने छ । '

नगर प्रवक्ता यादव सिंह कार्कीले तालिमलाई व्यवहारिक रुपमा प्रयोगमा ल्याउन नगरपालिकाबाट संस्थाले खोजेको सहयोग प्रदान गर्न सकिने बताए । वडा अध्यक्ष हेमन्तराज शाक्यले वडाका महिला लक्षित बजेटबाट महिलाको आयआर्जनमा वृद्धि गर्न, उत्पादनशिल कार्यमा महिलालाई लगाउन यो कार्यक्रम गरिएको बताए । कार्यक्रममा प्रशिक्षक कुशल ठाडाले तालिम लिएका सबैले घर-घरमा गएर जुस, जेली, जाम बनाउने र घरपरिवारका सदस्यहरुलाई चखाउने, खुवाउने गर्दा नै तालिमको व्यबहारिक अभ्यास हुने बताए ।

तालिममा सहभागी टोपराज श्रेष्ठ र मोहन कुमारी थापाले तालिम निकै व्यबहारिक भएको र आफुहरुले दिनहुँ जुस बनाउन अभ्यास गर्ने बताए । संस्थाकी अध्यक्ष ज्ञानु कार्कीको अध्यक्षता,सचिव सरस्वती राजभण्डारीको सञ्चालनमा कार्यक्रम भएको थियो । मखनटोल टोल विकास संस्थाले बनाएको जुस आगामी सडक खाना महोत्सवमा विक्रि गर्ने जनाएको छ । यस्तै तानसेन - ३ टम्सारमा महिलाहरुले हार्मोनियम बजाउन सिकेका छन् । नेपाल राष्ट्रिय ज्ञानमाला पश्चिमाञ्चल क्षेत्रिय उपसमितिको आयोजनामा भएको महिला बौद्ध जागरण अभियान अर्न्तगत ३ महिने हार्मोनियम प्रशिक्षणमा यहाँका महिलाहरुले हार्मोनियम बजाउन सिकेका हुन् । ३ महिने प्रशिक्षणबाट बुद्ध भजनमा महिलाहरु सक्षम र सक्रिय भएका छन् । बुद्ध शिक्षा, बुद्ध उपदेश बुद्ध ज्ञान, बुद्ध ध्यानलाई भजनमार्फत संसारभर फैलाउने उद्देश्यले सञ्चालन भएको बुद्ध भजन सहितको ३ महिने हार्मोनियम प्रशिक्षणाको एक कार्यक्रमकाबिच तानसेन टक्सार महाचैत्य विहारमा सम्पन्न गरिएको हो । **-बाँकी अन्तिम पेजमा...**

# आज गृहमन्त्री लेखक पाल्पा आउँदै



**पाल्पा,** मंसिर २/गृहमन्त्री रमेश लेखक आज (बुधबार) पाल्पा आउने कार्यक्रम तय भएको छ । इलाका प्रशासन कार्यालय रामपुरको नवनिर्मित भवनको उट्घाटनका लागि उनी पाल्पा आउन लागेका हुन् ।

मन्त्री लेखकले विहान साढे ११ बजे भवनको उट्घाटन गर्ने कार्यक्रम रहेको इलाका प्रशासन कार्यालय रामपुरले जनाएको छ । गृह मन्त्रालय र आन्तरिक मामिला मन्त्रालय लुम्बिनी प्रदेशको संयुक्त आयोजनामा भैरहवामा सुरु भएको प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई उनले मंगलबार सम्बोधन गरेका थिए । गोष्ठीमा सहभागी पछि मन्त्री लेखक पाल्पा आउन लागेको उनको सचिवालयले जनाएको छ । इलाका प्रशासन कार्यालय रामपुरले २०७३ देखि नै भाडाको घरबाट सेवा दिँदै आएको थियो । १४ कोठा सहितको साढे २ तल्ले भवन निर्माण भएपछि गत साउनदेखि सेवा दिन सुरु भए पनि बुधबारदेखि विधिवतरुपमा नयाँ भवनबाट सेवा दिइने छ । चार करोड ६८ लाख ६८ हजार ८ सउ ५३ रुपैयाँ लागतमा म्याद थप पश्चात् निर्माण कम्पनीले गत असार २२ मा भवन निर्माण सम्पन्न गरेको थियो ।

# सकियो सम्झौता अवधि,सकिएन करिडोरको काम

**गलकोट (बागलुङ)**,पुस २/कालीगण्डकी करिडोरको बलेवा-मालढुङ्गा खण्ड कालोपत्रका लागि गरिएको सम्झौता अवधिसकिएपछि मात्रै कामले गति लिएको छ । राष्ट्रिय गौरवको आयोजनाको कालीगण्डकी करिडोरको बलेवा-मालढुङ्गा खण्डको सम्झौता सकिएसँगै कामले तीव्रता पाउन थालेको हो ।

अहिले नाली, कल्भर्ट, पर्खाल तथा ग्याबिन लगाउने काम भइरहेको छ । कालोपत्रका लागि विडारी कन्ट्रक्सनसँग गरिएको सम्झौता सकिए पनि काम भने करिब ६० प्रतिशत सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ । म्याद सकिएसँगै १० किमी सडक निर्माणले तीव्रता पाएको हो ।



निर्माण कम्पनीलाई पटक-पटक ताकेदा गरेपछि अहिले मालढुङ्गातर्फको खण्डमा धमाधम पूर्वाधारको काम भइरहेको आयोजना कार्यालय पाल्पाका सूचना अधिकारी अरुण खत्रीले बताए । उनका अनुसार दुई वर्षमा सक्ने गरी सम्झौता भए पनि हालसम्म ६० प्रतिशत मात्रै पूर्वाधारको काम सकिएको हो । सूचना अधिकारी खत्रीका अनुसार निर्माण व्यवसायीलाई छ महिनाभित्र कालोपत्र सक्न निर्देशन दिइएको छ । दुई वर्षमा आधामात्रै काम गरेको निर्माण व्यवसायीलाई छ महिनाका लागि म्याद थपेपछि कामले गति लिएको उनले उल्लेख गरे । 'अहिलेको सन्तोषजनक काम भइरहेको छ, सम्झौता सकिँदासम्म कालोपत्र नहुनु समस्याको विषय हो, अहिले थपिएको समयभित्र काम सक्न निर्माण कम्पनीलाई ताकेता गरिरहेका छौँ', खत्रीले भने, 'बागलुङको भकुण्डेस्थित गलुवाको पहिरोका कारण काममा ढिलाइ भएको थियो, अहिले त्यही खण्डमा काम भइरहेको छ ।' खत्रीका अनुसार बलेवा-हर्मिचौरको ४४ किमी सडक सम्झौताअगावै कालोपत्र भइरहँदा छोटो खण्डको रूपमा रहेको बलेवा-मालढुङ्गा सडकको १० किमी सडक अलपत्र परेको हो । आगामी जेठभित्र कालोपत्र सक्नेगरी मिति थप गरिएको हो । उनका अनुसार १० किमी दूरी रहेको यो खण्डका लागि ५५ करोडमा निर्माण कम्पनीले ठेक्का लिएको थियो । थप गरिएको समयसीमाभित्र सक्न कामलाई तीव्रता दिइएको निर्माण कम्पनीका सञ्चालक धुर्व विडारीले जानकारी दिए ।

सुरुमा निर्माणले तीव्रता पाए पनि समयमा भुक्तानी नपाउँदा समस्या भएको उनको भनाइ छ । 'थप गरेको समयसीमाभित्रै काम सक्ने हाम्रो प्रयास हुन्छ', विडारीले भने, 'अहिले समस्याग्रस्त अलुवा क्षेत्रमा काम भइरहेको छ, गर्मी सुरु हुनासाथ कालोपत्र थाल्ने छौँ ।' करिडोर कालोपत्रपछि छिमेकी राष्ट्र चीन र भारतबीचमा आर्थिक, सामाजिक, सांस्कृतिक क्रियाकलाप बढ्ने छन् । नेपालको उत्तरी सीमा चीनको कोरला र दक्षिणी सीमा भारतको सुनौली जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा कालीगण्डकी करिडोरलाई लिइन्छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अन्तर्राष्ट्रिय आप्रवासी दिवस र यसको सार्थकता

आज विश्वव्यापी रूपमा 'अन्तर्राष्ट्रिय आप्रवासी दिवस' मनाइँदैछ । संयुक्त राष्ट्र संघले 'सबै आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि' पारित गरेको दिन डिसेम्बर १८ लाई स्मरण गर्दै यो दिवस मनाउन लागिएको हो । महासन्धि राष्ट्रसंघीय महासभाले डिसेम्बर १८, १९९० मा पारित गरेको थियो । राष्ट्रसंघीय महासभाको डिसेम्बर ४, २००० को निर्णयअनुसार सरकारी, गैरसरकारी र नागरिक तहबाट दिवस मनाउन थालिएको हो ।

दिवसका अवसरमा नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरुले आप्रवासी श्रमिकहरुको अधिकार सुनिश्चतता सम्बन्धी कानुनको चर्चा र सरकार तथा राजनीतिक दलहरुलाई यी विषायमा ध्यानाकर्षण गराउँदै आएका छन् । विगत पाँच दशकयता वैदेशिक रोजगारी, विदेश अध्ययन र व्यापारका लागि नेपालीहरू विभिन्न देश जाने क्रम बढ्दै गएपछि नेपालमा पनि यो दिवसको महत्व झनै बढेको छ । दिवसको महत्व बढे पनि आप्रवासी कामदारहरु अझै पनि उचित मानवीय व्यवहारबाट बञ्चित हुँदै आएका छन् । न्यायमा पहुँच नहुनु, तोकिएको ज्याला नपाउनु, समयमै ज्याला नपाउनु, श्रमशोषण, यौनशोषण, कामबाट बिनाकारण निकालिनु, घरेलु हिंसाजस्ता समस्या आप्रवासी श्रमिकले भोग्नु परेको छ । विशेषगरी, गन्तव्य मुलुक र स्रोत मुलुकबीच आप्रवासी कामदारका सम्बन्धमा सम्झौता नहुनु तथा भएका सम्झौताको पनि इमानदारिताका साथ पालना नहुनुले समस्या उत्पन्न हुने गरेको छ । आप्रवासी कामदार र तिनका परिवारमाझ पुग्न नसकेको यो दिवस मनाउँदै गरेका आयोजकहरूबीच अझै थुप्रै अस्पष्टताहरू छन् । यिनै अस्पष्टतासँगै यसपाली पनि दिवस मनाइँदैछ ।

नेपालमा संस्थागत स्मरण र संयन्त्र कति कमजोर छ भन्ने यो दिवसले पनि छर्लङ्ग पारेको छ । आप्रवासी कामदार र तिनका परिवारलाई जात, लिंग, धर्म, वर्ण, विचार, राष्ट्रियता, उमेर, आर्थिक स्थिति, विवाह, जन्मका आधारमा भेदभाव गर्न पाइँदैन भनि महासन्धिमा उल्लेख भए पनि त्यसो हुन सकिरहेको छैन् । नेपालमा वर्षेनी आप्रवासी दिवस मनाइए पनि उनीहरुका समस्यामा कमी आउन नसक्नु दुःखद् हो । उनीहरुका मुद्दा उठाउन, तिनको कार्यान्वयन र अनुगमन गर्न सरकार चुक्नु हुँदैन । आप्रवासनमा काम गर्ने श्रमिकलाई यथेष्ट सम्मान, सुरक्षा र उत्प्रेरणा दिन आवश्यक छ । अब कामदारले पठाएको रेमिट्यान्सको हिसाब गरेर बस्नेमात्र होइन, तिनीहरूको पुँजी, सीप, दक्षता, व्यावसायिकता र जाँगरलाई विकासको मूलप्रवाहमा लगाउने कार्यक्रम बनाउनुपर्छ । जबसम्म आप्रवासी कामदारका मुद्दाहरू स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा उठ्दैनन् र उठेका मुद्दा पनि कार्यान्वयन हुँदैनन्, तबसम्म दिवस मनाउनु झारा टराइमात्र हुनेछ ।

### Opinion @ Social Network

जिन्दगीको गन्तव्य मृत्यु नै हो,
त्यसैले जिन्दगीमा रमाइलो गर घमण्ड होइन ।
*(गोमा गाहाको फेसबुक स्टाटस https://www.facebook.com/Goma.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सहकारीसँग जोडिएर उत्तर नआएका प्रश्नहरु



प्रकाश नेपाल
prakashnepal014@gmail.com

*फेरी बचतकर्ता भनेको रकम जम्मा सहकारीमा रकम जम्मा गर्नेलाई भनिन्छ । यस मध्य केही पात्र छन् बैंकमा रकम जम्मा गर्दा श्रोत खुलाउन पर्ने सहकारीमा आम्दानीको श्रोत खुलाउन नपर्ने त्यसैले गर्दा एउटा वर्गको त्यसरी रकम डुबेको छ । बचत कर्ता मध्ये सहकारीको नियम अनुसार भन्दा माथिको रकम जम्मा गर्दा आम्दानीको श्रोत समेत पहिचान गर्नु पर्ने देखिन्छ । निश्चत सिमानामा मात्र निर्धारित गरिएको वित्तिय संस्थामा कहाँबाट त्यति धेरै रकम आए होला त्यसतर्फ राज्यको ध्यान गएको होला नि ? यतिखेर सरकार र सरकारमा समावेश भएका दुई ठूला राजनैतिक दलहरुले भर्खरै जन्मिएको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने व्यक्तिलाई मात्र नभएर पार्टीलाई नै खण्डहरमा परिणत गर्ने मात्र ध्यान केन्द्रित भएको देखिन्छ । रविलाई आजिवन कारागारमा राखेपनि बचत कर्ताको रकम सरकारले तिर्ला त ? त्यति बेला राष्ट्र बैंकले के हेरेर बसेको थियो ? समय-समयमा सहकारीको निरीक्षण गरेको भए आज यस्तो अवस्था आउथ्यो होला ? रविलाई ७७ जिल्ला बयानको लागि घुमाए पनि साग बेचेर जम्मा गरेका बचतकर्ताको रकम त फिर्ता आउने होइन ? बाँकी छ बैंकमा जम्मा गर्दा श्रोत खुलाउन पर्छ भनेर सहकारीमा जम्मा गरेको रकम । त्यसैले कसरी सहकारीको बचत फिर्तातिर्फ होइन ।*

सहकारीबाट बचतकर्ताको रकम हिनामिना गरेको अभियोगमा यतिखेर धेरै व्यक्तिले प्रहरीको हिरासत र कारागारमा समय बिताउनु परेको छ । त्यस मध्यका एक जना बहुचर्चित व्यक्ति रवि लामिछाने पनि हुन् । उनी लगायत सबै व्यक्तिलाई एउटै विषयमा कानुनी दायरामा ल्याइएको हो । सरकारले गठन गरेको संसदीय छानविन समितिको प्रतिवेदन अनुरुप हो तर यहाँ उत्तर नपाएका प्रश्नको आमजनताले उत्तर खोजिरहेका छन् । सहकारीको रकम हिनामिना गरेकालाई थुनामा राखेपछि बचत कर्ताको रकम कहिले, कसरी र कसले फिर्ता गर्ने हो ? सहकारी ठगी प्रकरणमा दलका नेतादेखि कार्यकर्तासम्मले कमाइ खाने आम्दानीको बलियो माध्यम बनाएको धेरै समय भयो । सहकारीको नाममा सरकारी अनुदान लिने, आफ्नो घरको तला थप्ने, जग्गा आफ्नो नाममा पास गर्ने, आफु अनुकुलका लेखापरीक्षकबाट लेखा परीक्षण गराउने जस्ता कार्यहरु अत्यन्तै सामन्य छ । सुनौलो भविष्यको कल्पना गरेर वर्तमानमा आफ्नो गाँस काटेर बचत कर्ताले बचत गरेको रकम बचत कर्तासँग कहिले पुग्ने हो ? यस विषयमा सरकार, राजनैतिक दलका नेताहरु, हाम्रा सामाजिक अभियान्ता, न्यायलयका उच्च पदमा रहेका कालो कोट धारीहरु सबै मौन छन् । सहकारी बचत कर्ताको खोल ओडेर हाम्रा राजनैतिक दलका नेताहरुले कहिलेसम्म राजनीति गर्ने ? मुख्य कुरा यहाँ हो । सहकारी सञ्चालक थुनामा छन् भने कोही फरार पनि छन् । उनीहरुलाई थुनेर मात्र समाधानको बाटो भेटिएला र ? तर सरकार भने उल्टो बाटो हिडेको भेटिन्छ र देखिन्छ ।

दु.ख गरेर रकम जम्मा गर्ने धेरै छन् । फेरी बचतकर्ता भनेको रकम जम्मा सहकारीमा रकम जम्मा गर्नेलाई भनिन्छ । यस मध्य केही पात्र छन् बैंकमा रकम जम्मा गर्दा श्रोत खुलाउन पर्ने सहकारीमा आम्दानीको श्रोत खुलाउन नपर्ने त्यसैले गर्दा एउटा वर्गको त्यसरी रकम डुबेको छ । बचत कर्ता मध्ये सहकारीको नियम अनुसार भन्दा माथिको रकम जम्मा गर्दा आम्दानीको श्रोत समेत पहिचान गर्नु पर्ने देखिन्छ । निश्चत सिमानामा मात्र निर्धारित गरिएको वित्तिय संस्थामा कहाँबाट त्यति धेरै रकम आए होला त्यसतर्फ राज्यको ध्यान गएको होला नि ? यतिखेर सरकार र सरकारमा समावेश भएका दुई ठूला राजनैतिक दलहरुले भर्खरै जन्मिएको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने व्यक्तिलाई मात्र नभएर पार्टीलाई नै खण्डहरमा परिणत गर्ने मात्र ध्यान केन्द्रित भएको देखिन्छ । रविलाई आजिवन कारागारमा राखेपनि बचत कर्ताको रकम सरकारले तिर्ला त ? त्यति बेला राष्ट्र बैंकले के हेरेर बसेको थियो ? समय-समयमा सहकारीको निरीक्षण गरेको भए आज यस्तो अवस्था आउथ्यो होला ? रविलाई ७७ जिल्ला बयानको लागि घुमाए पनि साग बेचेर जम्मा गरेका बचतकर्ताको रकम त फिर्ता आउने होइन ? बाँकी छ बैंकमा जम्मा गर्दा श्रोत खुलाउन पर्छ भनेर सहकारीमा जम्मा गरेको रकम । त्यसैले कसरी सहकारीको बचत फिर्तातर्फ होइन । कसरी फसाउने भन्ने मात्र देखिन्छ । ७७ जिल्लाका सहकारीमा जि.वी राई मात्र आवद्ध भएका त छैनन् अरु सहकारीमा राज्यको ध्यान किन नपुग्दा वर्तमान सरकारलाई पूर्वग्राहीभयो भनेर किन नभन्ने ? बाग्लुङमा नगर प्रमुख भागेर दिल्ली पुगे । उनले सरकारले वातावरण बनाएको खण्डमा बचत कर्ताको रकम फिर्ता गर्ने उद्घोष गरे । त्यसै गरी जिविले पनि सरकारले आउने वातावरण बनाएको खण्डमा रकम फिर्ता गर्ने भन्ने कुरा बाहिरिएको छ तर सरकारले जिविलाई नेपाल आउने वातावरण बनाउन चाहेको पनि छैन् । यस प्रकरणमा काँग्रेस नेता गगन थापाले सबै भन्दा बढि नैतिक जिम्मेवारी लिनुपर्ने देखिन्छ । सहकारीका जिम्मेवारी पदाधिकारी नै कारागारमा भएपछि कसरी समाधानको बाटो भेटिन्छ । आजको दिनसम्म सरकार नै सहकारी पिडितको समस्याप्रति संवेदनशील देखिदैन् । खाली सञ्चालकको दोषारोपण मात्र देखिन्छ । यो भनेको मिसन ८४ को भोटको राजनैतिक सहकारी पिडितको नाममा हो । यसरी गरेको राजनैतिक भेल मात्र हो । अब सबै जनता भेडा छैनन् । धेरै त आफ्नो र आफ्ना बाल बच्चाको पेट मारेर बचत गरेको रकम हो । धेरै पैसा भएर कहाँ फालम् भनेर जम्मा गरेको होइन । यदि राजनैतिक दलका नेतामा बुद्धी र विवेक थियो भने त रकम हिनामिना गर्ने र सञ्चालकलाई थुनेर मात्र होइन । अत्यन्तै श्रुस्म तवरले अध्यन गरी रकम कसरी फिर्ता गर्ने भन्ने तर्फ लागेको भए बरु जनताले जय जयकार गर्ने थिए । यस्ता विषयमा आयोग राजनैतिक भन्दा कानुनविद्धको नेतृत्वमा बनाएको खण्डमा न्यायचित हुने थियो ।

राजनैतिक दलहरुले रवि, जि.वी र छविको नाम जप्न थालेको पनि धेरै भयो । यिनीहरुले भन्दा धेरै रकम काँग्रेस र एमालेका नेता र कार्यकर्ताले हिनामिना गरेका छन् । अनि नेकपा माओवादीका कार्यकर्ता र नेता पनि अछुतो छैनन् । अन्य भ्रष्टचारका काण्डहरु कति छन् कति तिनीहरु प्रति सरकारमा रहेका ठूला दलका नेताहरु मौन किन मौन बसेका छन् ? चोरले चोरलाई नै लखेटी रहेपछि सबै चोर एकै ठाउँ जम्मा भए त भयो नि । देश भरीका सहकारीको रकम रवि छवि र जिवीले मात्र अपचलन गरेका त छैनन् होला । फेरी यस्तो भनिरहदा उनैको कार्यकर्ता भन्लान तर यो होइन आफ्नो स्वतन्त्र विचार मात्र हो । पहिला त जनताले काँग्रेसलाई चुनेर देशमा आर्थिक बिकासको फड्को देख्न चाहान्थ्ये पछि एमाले, माओवादी हुँदै नयाँ पार्टी स्वतन्त्रतर्फ अपेक्षा राखेका थिए तर ...। आम जनता नयाँ वैकल्पिक शक्तिको खोजीमा थिए । रविले नयाँ दल दर्ता गरेपछि नयाँ शक्तिको रुपमा उत्पति भयो । यो पार्टीमा केही स्वतन्त्र र बाँकी पुराना दलबाट गएका व्यक्तिले दलको आकार दियो । त्यसैले पुराना ठूला दलहरुलाई धक्का लाग्यो यसै कारणले पनि रवि लामिछानेलाई पचाउने पार्टी ध्वस्त बनाउने रणनीति बनाए । रवि यतिखेर अदालतको आदेशले जिल्ला प्रहरी कार्यलयको हिरासत कक्षमा छन् । प्रहरीले अर्को बारेमा अनुसन्धान गरेको छ । प्रहरीको प्रतिवेदन तथा बयान काजगको आधारमा जिल्ला सरकारी वकिलले सम्मानित अदालतमा मुद्धा दायर गर्ने हो । यसमा प्रहरीको भूमिकामा निर्भर हुने हो । हुन त रविले सहकारीबाट कर्जा लिएको प्रमाणअहिलेसम्म भेटिएको छैन् । कानुनका छिद्रहरु प्रयोग गरेर रविलाई फसाउने पिडितको रकम फसाउने खेलमा लागेको भनेर आम जनताको बुझाई रहेको छ ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यापार व्यवसायमा लाभ रहनेछ। कार्यक्षेत्रलाई लिएर यात्राका योग छन्। | **तुला** : लाभदायक यात्रा रहला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : यापारमा विशेष फाइदा हुनेछ। संगीतको क्षेत्रमा विशेष उन्नति मिल्नेछ। | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **मिथुन** : जमघटमा मन रमाउनेछ । धर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । |
| **कर्कट** : साहस र पराक्रममा वृद्धि हुनेछ। पारिवारिक मेलजोलमा समय बित्नेछ। | **मकर** : महत्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । | **कुम्भ** : वाक्चतुर्याईले सङ्कल्प सिद्ध हुनेछ । साथीभाईसंग समय बित्नेछ । |
| **कन्या** : जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

## कला मनोरञ्जन

# रुवाउन जस्तो हँसाउन कहाँ सजिलो छ र ?




अभिनेत्री नम्रता सापकोटाले दर्जन बढी फिल्म अभिनय गरिसकेकी छन् । उनको मोडलिङ रहेको म्युजिक भिडियो सयौँ छन् । विज्ञापन चलचित्र, छोटा चलचित्रमा समेत देखिँदै आएकी उनी पछिल्लो समय यी सबैबाट भिन्न कमेडीमा छाइरहेकी छन् । कमेडी शो 'कमेडी दरबार'मा उनी विगत ४ महिनादेखि कमेडियनको रूपमा दर्शक हँसाउँदै छिन् । कमेडी जनरामा उनको यो यात्रा पहिलो पटक हो । तर पनि उनको कामको प्रशंसा भइरहेको छ । 'कमेडी दरबार' कमेडियन विक्की अग्रवालको निर्माण तथा निर्देशित शो हो । शोको अहिलेसम्म १६ भाग प्रसारण भैसकेको छ । हरेक भागमा उनी फरक-फरक चरित्रमा देखिँदै आएकी छन् । अहिलेसम्मको कमेडी यात्रा एकदमै रमाइलो भइरहेको उनी बताउँछिन् । 'म नसोचेको र कल्पना नगरेको नयाँ यात्रामा उडिरहेकी छु', उनले भनिन् 'जीवनको फरक पाटोको अनुभव, फरक नै हुँदो रहेछ ।' कमेडी यात्रामा एकदमै इन्ज्योय गरिरहेको उनी सुनाइन् । नम्रता लामो समयदेखि कलाकारितामा छिन् । कलाकारिताको यो दौरानमा कमेडी गरिएला भन्ने उनलाई कहिल्यै लागेको थिएन । अभिनेत्रीकै रूपमा नयाँ नयाँ काम गर्दै अगाडि बढेकी उनलाई 'कमेडी दरबार'ले कमेडीको रूपमा उभ्यायो । 'कमेडी दरबार' अफरको समय उनलाई कमेडियन बन्ने भनेर भनिएको पनि थिइन । न उनले कमेडी गर्ने भनेर यो कार्यक्रममा जोडिएकी हुन् । कमेडियनसँग नयाँ नयाँ जोडी बनेर प्रस्तुत हुने मात्र भनिएको रहेछ । काम गर्दै जाँदा कमेडियन भनेर चिनिए । 'कमेडी गाह्रो काम रहेछ । भित्रिदा यो सोचेको थिइन', उनले थपिन्, 'यसलाई सोचेको भन्दा धेरै ठुलो र टाढाको पाएँ ।' 'शो अहिले एकदमै हिट छ । मैले गरेको क्यारेक्टर मानिसले रुचाएका छन', उनी भन्छिन् 'आफ्नो कल्पनाभन्दा बाहिरको चर्चा झन् मिठो हुँदोरहेछ ।' नम्रता अभिनीत फिल्मले अहिलेसम्म त्यस्तो व्यावसायिक रेकर्ड बनाएर हङ्गामा गरेको छैन । तर पनि उनी सदाबहार फिल्म खेल्ने अभिनेत्रीमा पर्छिन् । म्युजिक भिडियोमा पनि उनको डिमान्ड राम्रो छ । फिल्म र म्युजिक भिडियोमा रहेकी उनलाई किन गर्न मन लाग्यो कमेडी ? । 'म कलाकारितामा यो काम गर्छु । यो गर्दिन भनेर कहिल्यै बस्दिन । आएको काम राम्रो हुन्छ भन्ने लाग्यो भने गर्छु', उनले भन्दै गइन् 'जब कमेडी दरबारसँग मिटिङ फिक्स भयो । मिटिङ अगाडि नै यो काम गर्नुपर्छ भन्ने फिल भएको थियो ।' 'छक्का पन्जा' यस्तै फिल भएर अभिनय गरेको सफलता समेत हात परेको उनले खुलाइन् । कमेडीमा मिहिनेत अरू भन्दा धेरै गर्नुपर्ने बुझेकी उनले मानिस हँसाउन कठिन रहेको बल्ल महसुस गरेकी छन् । मानिस रुवाउन सेन्स नचाहिने, ठुलो कुरो केही गर्नु नपर्ने बताउने उनी कमेडीका लागि सेन्स चाहिने, सेन्सेटिभ हुनुपर्ने, मुमेन्टमा बाच्नुपर्ने, स्पटमै मेकिङ गर्न सक्ने क्षमता हुनुपर्ने बताउँछिन् । 'कतिपयले कमेडी सजिलो छ भन्छन् । मलाई त, रुवाउन जस्तो सजिलो हँसाउन लागेन', उनले भनिन् । नम्रता कमेडी अगाडि नै फिल्म तथा म्युजिक भिडियोले चर्चित थिइन् । कमेडी थालेपछि त्यो चर्चा अझ चुलिएको छ । पहिले नचिनेकाले पनि अहिले चिन्न थालेका छन् । उनी भने चर्चा बढेपछि कमेडी अभिनय भन्दा फरक आफूले नसोको बताउँछिन् । 'म कलाकार हो । त्यही रूपमा कमेडी थालेको हो', उनले भनिन् ''कमेडी दरबारमा पनि कमेडियन भन्दा पनि कलाकारको रूपमा चिनिएकी छु ।' 'कमेडी दरबार'मा कलाकारले समसामयिक विषयमा मात्र व्यङ्ग्य गर्दैनन् । एकअर्कालाई पनि उडाउने गर्छन् । त्यो देख्दा दर्शकले त नमिठो फिल गर्छन् । उनी भने त्यसमा पनि इन्ज्योय गर्छिन् रे । कारण सुनाइन् ,'कतिपय कुरा दर्शकसँग कनेक्ट हुन पहिले आफूलाई पनि उडाउनुपर्ने हुन्छ ।' पहिले पहिले यस्तो देख्दा के भइरहेछ जस्तो लाग्थ्यो उनलाई । अहिले भने उनी जबसम्म आफैले आफूलाई उडाउन सकिँदैन । तबसम्म अरूलाई उडाउन सकिन्न भन्ने लाग्न थालेको छ । 'मैले आफूलाई नउडाई अरूलाई मात्र नराम्रो भन्न थाले भने कसले पचाउँछ र ?,' उनको बुझाइ छ । कमेडीमा जति हलुका भयो त्यति माथि पुगिने उनको धारणा रहेको छ । भनिन्, 'सुरु सुरुमा किन यस्तो भनेको भनेर डर पनि लाग्थ्यो । दुई तीन भागपछि बिस्तारै सहज पनि हुँदै गयो ।' नम्रतामा अबको दिनमा कमेडियन भनेर दर्शकले चिनोस् भन्ने चाहना पनि छैन । किनभने अहिलेसम्म कलाकार भनेर चिनेका छन्, भोलि पनि त्यसरी नै चिनोस् भन्ने उनको इच्छा हो । 'मलाई हिरोइन, मोडल, कमेडियन भन्दा पनि राम्रो अभिनय गर्छ भनेर चिनोस् जस्तो लाग्छ', उनले थपिन्, 'यही कुरो मेरो लागि बेस्ट हो । 'कमेडी दरबार'को १६ भागसम्म आउँदा उनले थुप्रै चरित्र निर्वाह गरिसकेकी छन् । तर पहिलो भागको 'दुलही' चरित्र भने उनी आफैलाई अहिलेसम्मको बेस्ट लाग्छ । 'हरेक भागमा नयाँ चरित्र र नयाँ अनुभव भइरहेको छ', उनी भन्छिन् 'सबै क्यारेक्टरबाट चर्चा र प्रतिक्रिया राम्रो छ । तर पहिलो भनेको पहिलै हुँदो रहेछ ।' कमेडीमा देखिन थाले पनि उनलाई फिल्मको अफर नआएको पनि होइन । स्क्रिप्ट पढ्ने काम भइरहेको छ । म्युजिक भिडियो अभिनय पनि उनको नियमित नै छ । विज्ञापन चलचित्रको पनि अफर छन् । अहिले काम भ्याइनभ्याइ छ । 'कमेडीमा लागे पनि नियमित कामको कमी छैन । विदेश यात्रा पनि गरिरहेको छु । कुनै पनि कमेडीले थप काम दिलाएको छ' उनले थपिन् । *-रातोपाटी डटकम*

# 'दु:खी आत्मा' पोस्टरमा रोमान्टिक दयाहाङ र आँचल




भ्यालेनटाइन डेको दिन पारेर आगामी फागुन २ गतेबाट प्रदर्शनमा आउन लागेको दीपेन्द्र लामा निर्देशित फिल्म 'दु:खी आत्मा'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक तीनवटा पोस्टरले पात्रहरुको मुड दर्शाउँछ । एउटा पोस्टरमा अभिनेता दयाहाङ राई र अभिनेत्री आँचल शर्मा रोमान्टिक देखिएका छन् । जसमा दयाहाङले आँचलको निधारमा चुमेका छन् । अन्य दुईमध्ये एक पोस्टरमा दयाहाङले हेडफोन लगाएर मोबाइलमा केही हेरिरहेको देखिन्छ । तेस्रो पोस्टरमा भने दयाहाङ र आँचलसहित अनुप विक्रम शाही, बुद्धि तामाङ, अशान्त शर्मा, लोकेन्द्र लेखक र रेअर राई पनि चित्रित छन् । तीनवटा पोस्टरले फिल्मप्रति दर्शकमा उत्सुकता जगाउनेमा निर्माण टिम विश्वस्त छ । निर्देशक लामा स्वयंको लेखन रहेको फिल्मलाई हिमाल कडरियाले निर्माण गरेका हुन् । यसअघि दीपेन्द्र र हिमालबीच हिट फिल्म 'नाङ्गो गाउँ'मा सहकार्य भएको थियो । दीपेन्द्रले 'छ माया छपक्कै', 'घामपानी', '२ नम्बरी' र 'गोपी' जस्ता फिल्म निर्देशन गरिसकेका छन् । 'दु:खी आत्मा' उनको छैटौँ निर्देशित फिल्म हो । उनी पत्रकारिता पृष्ठभूमिका हुन् । क्लक वर्क कृएसनको ब्यानरमा निर्माण भएको फिल्मको कार्यकारी निर्मातामा सुदीप ढकाल छन् । दीया मास्केको पनि महत्त्वपूर्ण भूमिका रहेको फिल्ममा चर्चित कवि श्रवण मुकारुङले विभिन्न शीर्षकमा तयार पारेको १० वटा कविता समेटिएको छ । त्यसलाई फिल्ममा दयाहाङको पात्रमाथि फिल्मांकन गरिएको छ । आलोक शुक्लाले खिचेको फिल्मलाई निमेष श्रेष्ठले सम्पादन गरेका छन् । *-फिल्मी खबर डटकम*

# सीआईडी, मुनवाकसहित यो साता के हेर्ने ओटीटीमा ?




यस साता हामीले विकेन्ड योजना बनाइरहेका छौं भने यो सूचना महत्वपूर्ण हुनसक्छ । यदि तपाईं परिवार र साथीसँग घुम्ने योजना बनाउनुभएको छ भने कुरा बेग्लै भयो । साथीहरूसँग घरमै क्वालिटी टाइम बिताउने योजना बनाउनुभएको छ भने यस साता ओटीटीमा केही राम्रा फिल्म र श्रृंखला आउँदैछन् । यो साता आउने ८ नयाँ फिल्म र सिरिजले तपाईंलाई आकर्षित गर्नेछ । जसमा ड्रामा, थ्रिलर, एक्सन र डकुमेन्ट्री पनि पर्छन् । एकातिर अस्कर विजेता गुनीत मोंगाको प्रोडक्सन हाउसको वृत्तचित्र 'यो यो हनी सिंह'मा सनसनीपूर्ण र्‍यापरको जीवनको झलक देख्न पाइने भएको छ भने अर्कोतर्फ दुई चोरको अनौठो प्रेमकथामा 'मुनवाक' पनि देखिनेछ । बेजोड मलयालम फिल्म 'पानी' तथा दर्शकमाझ लोकप्रिय 'सीआईडी'को दोस्रो सिजन यस साता स्क्रिनमा आउँदैछन् । यस्तो छ १६ डिसेम्बरदेखि २२ डिसेम्बरसम्म ओटीटीमा रिलिज हुने फिल्म र सिरिजको सूची मुनवाक (डिसेम्बर २०) 'मुनवाक' एउटा रमाइलो वेब सिरिज हो । जसले दुईजना चोर, तारिक पाण्डे र म्याडी कपुरको कथा भन्छ । दुवैको मुटुको धड्कन एउटै छ, चाँदनी लखानी ।

चाँदनीको मन जित्न दुवैले एकअर्कासँग प्रतिस्पर्धा गर्छन् । चाँदनीका लागि सबैभन्दा बहुमूल्य चीज ल्याउनेलाई प्रेमीले आफ्नो फदय दिनेछ भन्ने रोचक परिस्थितिको कथा छ । कथामा ट्वीस्ट यो छ कि चन्द्रमाबाट ढुङ्गाको टुक्रा फुट्छ र पृथ्वीमा खस्छ । अब तारिक र म्याडीबीचको यो टुक्रा कसले जित्छ, त्यो सिरिज हेरेर मात्रै थाहा हुनेछ । यस सिरिजमा समीर कोचर, अंशुमान पुष्कर र निधि सिंह मुख्य भूमिकामा छन् । 'मुनवाक' डिसेम्बर २० मा ओटीटी प्लाटफर्म जियो सिनेमामा रिलिज हुनेछ । पानी (डिसेम्बर २०) यस वर्षको अक्टोबरमा रिलिज भएको मलयालम फिल्म 'पानी'ले निकै प्रशंसा बटुलेको छ । यो जोजु जर्ज निर्देशित एक एक्सन-थ्रिलर फिल्म हो । कथा एक विवाहित जोडीको बारेमा हो जसको जीवन दुई अपराधीका कारण उथलपुथलमा फसेको छ । फिल्ममा जोजु जर्जसहित सागर सूर्य, मर्लेट एन थोमस, बबी कुरियन, जुनेज वीपी लगायतका कलाकारको मुख्य भूमिका छ । 'पानी' डिसेम्बर २० मा ओटीटी प्लाटफर्म सोनी लाइभमा रिलिज हुनेछ ।

**सीआईडी सिजन २ (डिसेम्बर २१)** सीआईडी भारतीय टिभीमा सबैभन्दा रुचाइने र लामो समयसम्म चलेको कार्यक्रममध्ये एक हो । यसको पहिलो सिजन सन् १९९८ मा सुरु भएको थियो । १ हजार ५४७ एपिसोड प्रसारण भएर सन् २०१८ मा यो शो बन्द भएको थियो । अहिले सिजन २ को तयारी भइरहेको छ । एसीपी प्रद्युम्नको रूपमा शिवाजी साटम आफ्नो टिमसँग फर्किएका छन् । इन्स्पेक्टर अभिजीत (आदित्य श्रीवास्तव) र दया (दयानन्द शेट्टी)को रूपमा फर्किएका छन् । सीआईडी सिजन २ डिसेम्बर २१ देखि हरेक शनिबार र आइतबार राति १० बजे सोनी टिभी र सोनी लाइभ एपमा आउनेछ ।

**यो यो हनी सिंह : फेमस ( डिसेम्बर २०):** 'द एलिफेन्ट व्हिस्पर्स'का लागि अस्कर अवार्ड जितेका गुनीत मोंगा अब हिरदेश सिंह अर्थात् यो यो हनी सिंहको जीवनमा आधारित डकुमेन्ट्री लिएर आउँदैछन् । यो यो हनी सिंह भारतका चर्चित संगीत आइकन हुन् । यसमा कुनै शंका छैन कि हनी सिंहले र्‍याप संगीत र हिपहप संगीतलाई देशका युवामाझ लोकप्रिय बनाए । तर उनको स्टारडमले यस्तो समय पनि देख्यो जब उनी लामो समयसम्म सबैबाट टाढा भए । यो डकुमेन्ट्रीमा दर्शकले हनी सिंहको स्टार बन्ने सपना र उनको पतनको कथा देख्न पाउनेछन् । त्यहाँ केही आउन बाँकी कथा पनि हुनेछन् । स्टार हनी सिंहलाई सबैले चिन्ने यो डकुमेन्ट्रीले हिरदेश सिंहसँग परिचय गराउने निर्माता बताउँछन् । यो डकुमेन्ट्री फिल्म डिसेम्बर २० देखि ओटीटी प्लाटफर्म नेटफ्लक्समा स्ट्रिमिङ हुनेछ । गर्ल्स विल बी गर्ल्स ( डिसेम्बर १८) 'गर्ल्स विल बी गर्ल्स' एक भारतीय-फ्रान्सेली फिल्म हो जुन बोर्डिङ स्कुल र हिमालयका सुन्दर उपत्यकामा आधारित छ । यो १६ वर्षीया मीरा (प्रीति पाणिग्रही)को कथा हो । मीरा विद्रोही स्वभावकी छिन् । उमेर बढ्दै जाँदा उनलाई यौनिकताले उनलाई सताइरहन्छ । श्री ( केशवविनय किरण) उनको जीवनमा प्रवेश गर्छन् । श्रीप्रति मीराको आकर्षण बढ्दै गएको छ । तर उनकी विधवा आमा अनिला (कनी कुसरुति)ले आफ्नी छोरीलाई नजिकबाट नियाल्छिन् । उनले मीरालाई उनको र श्रीको सम्बन्ध समाजका लागि नराम्रो छ र यो उनको आनै निराशा मात्र हो भनेर बुझाउँछिन् । कथाले कुन मोड लिन्छ जान्नको लागि डिसेम्बर १८ मा यो फिल्म प्राइम भिडियोमा रिलिज हुनेछ ।

**ट्वीस्टर (डिसेम्बर १८) :** 'ट्वीस्टर' सन् १९९६ को ब्लकबस्टर फिल्मको सिक्वेल हो । यो आँधीबेहरीलाई पछ्याउने केही वैज्ञानिक र युवाको फदयस्पर्शी थ्रील कथा हो । अमेरिकाको टोर्नाडो कथामा बनेको यो फिल्मले एकैसाथ संघर्ष गरिरहेका धेरै व्यक्तिको जीवनलाई समेत चित्रण गर्छ । यसले हामीलाई प्रकृतिको सबैभन्दा विनाशकारी शक्तिको सामना गर्नु कति चुनौतीपूर्ण छ भनेर देखाउँछ । अस्कर मनोनीत ली आइज्याक चुङले निर्देशन गरेका हुन् । फिल्ममा डेजी एडगर-जोन्स, ग्लेन पावेल, एन्थोनी रामोस र किर्नन शिप्काले अभिनय गरेका छन् । 'ट्वीस्टर' डिसेम्बर १८ मा ओटीटी प्लेटफर्म जियो सिनेमामा रिलिज हुनेछ ।

**भर्जिन रिभर सिजन ६ (डिसेम्बर १९):** यसपटक चर्चित वेब सिरिज 'भर्जिन रिभर' को छैटौं सिजनले दर्शकलाई उत्तरी क्यालिफोर्नियाको यात्रामा लैजान लागेको छ । मेल मोनरो (अलेक्जेन्ड्रा ब्रेकेनरिज) र ज्याक शेरिडेन (मार्टिन हेन्डरसन) अन्ततः विवाह गर्दैछन् । तयारी अगाडि बढ्दै जाँदा मेल मोनरोले आफ्नो जैविक बुबा, एभरेट रिड ( जोन एलन नेल्सन)को बारेमा एक चकित पार्ने सत्य पत्ता लगाउँछन् । कथा सन् १९७० कोफ्ल्यास ब्याकमा जान्छ र परिवारको लुकेको विगतलाई बाहिर ल्याउँछ । यसैबीच, धर्मगुरु ( कोलिन लरेन्स)ले पनि आफ्नो विगतका कुकर्मको सामना गर्नुपर्ने हुन्छ । यो श्रृंखला डिसेम्बर १९ मा ओटीटी प्लाटफर्म नेटफ्लिक्समा रिलिज हुनेछ ।

**द सिक्स ट्रिपल एट (डिसेम्बर २०):** 'द सिक्स ट्रिपल एट' ६८८८ औं सेन्ट्रल पोस्टर डायरेक्टरी बटालियनको कथा हो । यो बटालियन दोस्रो विश्वयुद्धमा विदेशमा तैनाथ अश्वेत र महिला सैनिकको एक मात्र कोर इकाई थियो । मेजर च्यारिटी एडम्स (केरी वाशिङ्टन) को नेतृत्वमा, ८५५ महिलाले नश्लवाद, लैङ्गिक भेदभाव र कठोर परिस्थितिको सामना गर्छन् । यस इकाईले युरोपभर अमेरिकी सेनाका लागि निर्धारित १७ मिलियन पत्र र प्याकेजको दुई वर्षको ब्याकलग सफा गर्छन् । मुसा लागेका गोदाम र बस्न उचित नभएको परिस्थितीको बाबजुद उक्त इकाईले ६ महिनाको मिसन मात्र ९० दिनमा पूरा गर्छ । दुई घण्टा सात मिनेटको यो फिल्ममा ओप्रा विन्फ्रे, सुसान सारान्डन र साम वाटरस्टनको पनि अभिनय छ । यो फिल्म डिसेम्बर २० मा ओटीटी प्लेटफर्म नेटफ्लिक्समा रिलिज हुनेछ ।

*-अनलाइन खबर डटकम*

# आज अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाइँदै



**पाल्पा,** पुस २/आज डिसेम्बर १८ अर्थात् अन्तर्राष्ट्रिय आप्रवासी दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ । नेपालमा पनि सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज र आप्रवासी श्रमिक तथा श्रमिकका परिवारले विभिन्न जनचेतनामूलक कार्यक्रम गरी यो दिवस मनाइँदैछन् । सन् १९९० मा विश्व आप्रवासी कामदार र उनीहरूका परिवारको हकअधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय महासन्धी पारित गरेको दिनको सम्झनामा हरेक वर्षको १८ डिसेम्बरमा यो दिवस मनाउने गरिएको हो ।

विश्वभर पौने तीन अर्ब आप्रवासी रहेको तीमध्ये आधाभन्दा बढी कामका लागि एक-अर्को देशमा जाने गरेको अन्तर्राष्ट्रिय श्रम संगठन आईएलओले जनाएको छ । विश्वव्यापीकरण, औद्योगिकीकरण, सूचना र सञ्चारको विस्तारसंगै अन्तर्राष्ट्रिय स्तरमा आप्रवासीको संख्या बढ्दै गएको छ । राजनीतिक अस्थितरताका कारण नेपालमा पछिल्लो समयमा रोजगारीका लागि विदेशिनेको संख्या बढेको श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ । रोजगारी र जीविकोपार्जनका लागि अर्को देशमा गई बस्ने प्रक्रियालाई आप्रवासन भनिन्छ । आप्रवासी कामदारहरुमा चेतना जगाउने, आप्रवासी कामदारहरुलाई सम्बन्धित देशका घरेलु कामदारलाई जस्तै मान्यता र सुरक्षा प्रदान गर्नुपर्ने सन्देशसहित विश्वभर यो दिवस मनाउने गरिन्छ । विदेशमा काम गर्न जाँदा आप्रवासी कामदारमाथि पारिश्रमिक तथा अन्य सेवा सुविधा, न्यूनतम मानव अधिकार, विदेशी नागरिक भएको कारण विभेद नहोस् भन्ने उद्देश्य यो दिवसको रहेको छ । विशेष गरी नेपालीहरुको गन्तव्य खाडी मुलुकहरु र मलेशिया, दक्षिण कोरिया, पूर्वी अमेरिका हो । नेपालीहरु कामकै लागि यूरोप सहित विश्वका १९० वटा देश पुग्दै आएका छन् । यस्तो अवस्थामा आप्रवासी नेपाली कामदारहरुले दैनिक रुपमा अनेकौं समस्याको सामना गर्दै आएका छन् । आप्रवासी कामदारले भित्र्याएको विप्रेषणले उनीहरुको मात्रै होइन पुरै देशकै आय श्रोतमा बढोत्तरी भएको छ । वैदेशिक रोजगारी, पेशा व्यवसाय र अध्ययन लगायतका लागि एक देशबाट अर्को देशमा मानिसहरुको आउजाउ झन् बढ्दै गएको छ । नेपालमा पनि सरदर वार्षिक दश लाख नेपाली कामका लागि विभिन्न देशमा जाने गर्छन् । नेपालको मुख्य श्रम गन्तव्य खाडी मुलुक र मलेसिया हो । विदेशमा जाने कामदारमध्ये धेरैले विभिन्न समस्या भोग्नुपरेपछि सरकारले अभिमुखीकरण तालिम नदिई वैदेशिक रोजगारीमा पठाउने सेवा प्रदायक संस्थाको लाइसेन्स खारेज गरिदिने चेतावनी दिएको छ । पछिल्लो समय अध्ययनका लागि विदेसिने विद्यार्थीको संख्या बढ्दो छ । सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनका लागि विभिन्न पहल गरिरहेको जनाएको छ ।

## खेलकुद समाचार

### नेपाल र भारतबीचको खेल वर्षाका कारण रद्द



**काठमाडौं,** पुस २/१९ वर्षमुनिको महिला एशिया कप कप क्रिकेटमा नेपाल र भारतबीचको खेल वर्षाका कारण रद्द भएको छ । नेपालले दिएको ९५ रनको लक्ष्य पछ्याइरहेको अवस्थामा भारतले ३ ओभर १ बलमा एक विकेट पनि नगुमाई २८ रन बनाएको अवस्थामा खेल वर्षाका कारण रद्द भएको हो । खेल रद्द भएसँगै नेपाल र भारतले १/१ अङ्क बाँडेका छन् । योसँगै भारत समूह 'ए' को विजेता बनेको छ भने नेपाल उपविजेता बनेको छ । यसअघि मलेसियाको क्वालालम्पुरमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ९ विकेट गुमाएर ९४ रन बनायो । नेपालकी कप्तान पूजा महतोले २५, एलिशाकुमारी यादवले नटआउट २० रन बनाइन् । भारतकी परुनिका सिसोदियाले ४ विकेट लिइन् ।

नेपालले समूह चरणको पहिलो खेलमा सोमबार पाकिस्तानलाई हराउँदै 'सुपर-४' मा प्रवेश गरिसकेको छ । भारत पनि पाकिस्तानलाई हराउँदै 'सुपर-४' मा पुगिसकेको छ । विश्वकपमा छनोट भएको नेपाली टोली १९ वर्षमुनिको एशिया कपमा स्वत: छनोट भएको हो । १९ वर्षमुनिको महिला विश्वकप आउँदो वर्षको जनवरीमा मलेसियामा नै आयोजना हुँदैछ । महिला एशिया कप पहिलो पटक आयोजना भइरहेको हो ।

## अर्थ/कर्पोरेट समाचार

# मदनपोखरा प्रदेशकै उत्कृष्ट सहकारीको रुपमा सम्मानित



**पाल्पा,** पुस २/जिल्लाको तानसेन नगरपालिका -९ तिन्टीआँटमा सञ्चालित मदनपोखरा संगम बहुउद्देश्यीय सहकारी सस्था लिमिटेड लुम्बिनी प्रदेशकै उत्कृष्ट सहकारीको रुपमा सम्मानित भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्नो २१ औं वार्षिक साधारणसभाको अवसरमा सहकारीलाई उत्कृष्ट प्रादेशिक सदस्यको रुपमा सम्मान गरेको हो ।

सहकारीले सहकारीको विकास, प्रवर्द्धन र सामाजिक रुपान्तरणमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै उत्कृष्ट प्रादेशिक सदस्य ( बचत तथा ऋण बाहेकका कारोवार गर्ने लुम्बीनी प्रदेशका सदस्य संस्थाहरुमध्ये) सम्मान / पुरस्कार विधामा सम्मानित गरिएको बैंकले जनाएको छ । बैंकले सहकारीका अध्यक्ष घनश्याम घिमिरेलाई सम्मानको प्रामाणपत्र प्रदान गरेको छ । प्रमाणपत्र बुझेपछि अध्यक्ष घिमिरेले सम्मानले सहकारी अभियानमा थप सक्रिय भएर लाग्न प्रेरणा मिलेको बताए ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


# सिप सिक्दै तानसेनका...

...प्रशिक्षणको पूर्व उद्योगमन्त्री सोम प्रसाद पाण्डेले समापन गरेका हुन् । कार्यक्रमको समापन गर्दै बुद्ध शिक्षा र ज्ञानलाई संसारभर प्रचार-प्रसार गर्न सके नेपालको उन्नती प्रगती अझै तीव्र गतिमा हुने बताए । बुद्धको जन्मस्थल नेपालमा विश्वभरीका बौद्ध धार्मिक पर्यटकहरु भित्र्याउन हामी सबैले पहल गर्नुपर्नेमा पूर्वमन्त्री पाण्डेले जोड दिए । तानसेनको श्रीनगरमा संसारकै ठूलो बुद्ध मुर्ति निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउन र तानसेनलाई लुम्बिनी पछिको दोस्रो बुद्ध धार्मिक स्थल बनाउन केन्द्र सरकार तथा चीन, जापान, कोरिया जस्ता देशसँग पनि सम्पर्क गर्दै आएको पूर्वमन्त्री पाण्डेले बताए । उनले महिलाहरुको लागि एक वटा हार्मोनियम उपहार प्रदान गर्ने घोषणा गरे ।

समितिका केन्द्रिय उपाध्यक्ष विमलबहादुर शाक्यले पाल्पामा भएको महिला हार्मोनियम प्रशिक्षण कार्यक्रमले अन्य जिल्लाहरुमा उत्साह र दवाव बढाएको बताए । आगामी दिनमा अन्य जिल्लामा पनि बुद्ध शिक्षा प्रचार-प्रसार गर्न हार्मोनियम प्रशिक्षण अभियान सञ्चालन उनले गरिने बताए । कार्यक्रममा बौद्ध रचना तथा संगितकार डा.सोभियतलाल बज्राचार्य, वरिष्ठ पत्रकार मेघराज शर्मा, तानसेन नगरपालिका- ३ का वडाअध्यक्ष बाबुरत्न शाक्य, महाचैत्यविहार टक्सारका अध्यक्ष मनिन्द्र बज्राचार्य, बौद्ध अगुवा संजयराज शाक्य, हार्मोनियम प्रशिक्षार्थी अर्चना शाक्य बज्राचार्यले बुद्ध शिक्षा, ज्ञान तथा उपदेशहरुलाई अझै प्रभावकारी रुपमा प्रचार-प्रसार गर्नको लागि ३ महिने अभियान निकै प्रभावकारी रहेको बताए । ज्ञानमाला पश्चिमाञ्चल समितिका संयोजक केशवलाल बज्राचार्यले नेपालमै पहिलो पटक महिलाहरुलाई सामुहिक हार्मोनियम प्रशिक्षण कार्यक्रम गरिएको बताए । पुरुषको सहभागिता विना पनि महिलाले हार्मोनियम बजाएर बुद्ध भजन गर्न सक्ने गरी महिलाहरु उत्पादन भएको हार्मोनियम प्रशिक्षक बज्राचार्यको भनाई छ । कार्यक्रममा राष्ट्रिय ज्ञानमाला समितिकी अध्यक्ष रमना श्रेष्ठले अहिले सबै देश, व्यक्तिहरुलाई बुद्ध ज्ञान, शिक्षा र उपदेशको खाँचो रहेको र बुद्धको शिक्षा र ज्ञानलाई भजनको माध्यमबाट प्रचार-प्रसार गर्न सबै एकजुट भएर लागेको बताईन । पश्चिमाञ्चल क्षेत्रिय उप समिपतले गरेको कार्यक्रमले ज्ञानमाला समितिको सबै क्षेत्रमा जागरण पैदा गरेको समितिका अध्यक्ष श्रेष्ठले बताईन् । समापन कार्यक्रमको सञ्चालन सचिव विरेन्द्रराज शाक्यले गरेका थिए । बुद्ध ज्ञानलाई संसारभर फैलाउन २०५१ सालमा ज्ञानमाला समिति निर्माण गरी जिल्ला जिल्लामा भजन अभियान सञ्चालन हुँदै आएको छ ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई